बैठक संख्या: ८८

मिति: २०८०।११।१७

समय: बिहान ११:३० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

खुम्बु पासाङल्हामु गाउँपालिकाका अध्यक्ष श्री मिङमा छिरी शेर्पाज्यूको अध्यक्षतामा आज मिति २०८०।११।१७ बिहिबारका दिन बिहान ११:३० बजे ८८ औं कार्यपालिका बैठक देहायका पदाधिकारी तथा सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो ।

| **क.सं.** | **पद** | **नाम, थर** | **हस्ताक्षर** |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री मिङमा छिरी शेर्पा | |
| २ | उपाध्यक्ष | श्री टासी ल्हमु शेर्पा | |
| ३ | कार्यपालिका सदस्य | श्री आङ फूर्वा शेर्पा | |
| ४ | कार्यपालिका सदस्य | श्री लक्ष्मण अधिकारी | |
| ५ | कार्यपालिका सदस्य | श्री नुरु जाङबु शेर्पा | |
| ६ | कार्यपालिका सदस्य | श्री फुनुरु शेर्पा | |
| ७ | कार्यपालिका सदस्य | श्री पासाङ ग्याल्जेन शेर्पा | |
| ८ | कार्यपालिका सदस्य | श्री ल्हाक्पा गेल्जेन शेर्पा | |
| ९ | कार्यपालिका सदस्य | श्री ल्हाक्पा छिरी शेर्पा | |
| १० | कार्यपालिका सदस्य | श्री आङ माया शेर्पा | |
| ११ | कार्यपालिका सदस्य | श्री डिमा याङजिन शेर्पा | |
| १२ | कार्यपालिका सदस्य | श्री उमा बराईली | |
| १३ | कार्यपालिका सदस्य | श्री पासाङ डोमा शेर्पा | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | जगत प्रसाद भुसाल | |

**बैठकमा उपस्थित कर्मचारीहरु**

| | | | |
|---|---|---|---|
| १ | लेखा अधिकृत | चेतनाथ कटेल | |
| २ | इञ्जिनियर | अविनाश अधिकारी | |
| ३ | वातावरण अधिकृत | अर्चना घिमिरे | |
| ४ | सव इञ्जिनियर | दिप कुमार बस्नेत | |
| ५ | कम्प्युटर अपरेटर | छत्र बहादुर खड्का | |

बैठक संख्या: ८८
मिति: २०८०।११।१७
समय: बिहान ११:३० बजे
स्थान: गाउँ कार्यपालिकाको कार्यालय

## बैठकका कार्यसूचीहरु

| क.सं. | कार्य सूचिको व्यहोरा | समय |
|---|---|---|
| १. | ८७ औं कार्यपालिका बैठक | ११:४० |
| २. | आधार शिविर व्यवस्थापन कार्यविधि, २०८० (संशोधन, २०८०) | ११:४५ |
| ३. | ङिमदोर्जी शेर्पा पर्यटन सडक स्तरोन्नतिका बजेट माग सम्बन्धमा | १२:३० |
| ४. | लबुचे पिरामिड अनुसन्धान केन्द्रको व्यवस्थापनका लागि नेपाल बिज्ञान तथा प्रविधि प्रतिष्ठानसँग समझदारी कायम गर्ने सम्बन्धमा | १२:४५ |
| ५. | यूवा संघ नेपाल, सोलुखुम्बुको कोशी प्रदेशी स्तरीय भलिबल प्रतियोगिताको प्रायोजक बन्ने सम्बन्धमा | १२:५० |
| ६. | खरिखोलामा चेक पोष्ट स्थापनाका लागि जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुमा अनुरोध गर्ने सम्बन्धमा | १२:५५ |
| ७. | अपाङ्गता समन्वय समिति गठन गर्ने सम्बन्धमा । | १३:०० |
| ८. | पिक प्रमोशन प्रा. लि. को प्रस्ताव स्वीकृत गरी कार्यदिश दिने सम्बन्धमा | १३:१५ |
| ९. | कर्मचारीको सरुवा सहमति प्रदान गर्ने सम्बन्धमा । | १३:२५ |
| १०. | नयाँ पिकहरु नाम स्वीकृत तथा आरोहण अनुमति सम्बन्धमा । | १३:३० |

## निर्णयहरु

**निर्णय नं. १**

८७ औं कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गर्दा निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं. २**

यस गाउँपालिकाको आधार शिविर व्यवस्थापन कार्यविधि, २०८० (संशोधन, २०८०) स्वीकृत गर्ने ।

**निर्णय नं. ३**

ङिमदोर्जी शेर्पा पर्यटन सडकका देहायका खण्ड तथा सडक पुल निर्माणका लागि आवश्यक बजेट विनियोजन गरिदिन नेपाल सरकार तथा प्रदेश सरकारसँग अनुरोध गर्ने ।

| क्र.सं. | योजनाको विवरण | स्थान | रकम |
|---|---|---|---|
| १ | सडक स्तरोन्नति | ङिमदोर्जी शेर्पा पर्यटन सडकको खरिखोलादेखि सुर्केसम्म | १५ करोड |
| २ | मोटरवेल पुल निर्माण | खरिखोला | ५ करोड |
| ३ | मोटरवेल पुल निर्माण | पैंयाखोला | ५ करोड |
| ४ | मोटरवेल पुल निर्माण | सुर्केखोला | ५ करोड |
| ५ | सडकको ट्र्याक ओपन | चौरीखर्कदेखि नाक्चुङ | १ करोड |

**निर्णय नं. ४**

खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. ४ लबुचेमा सञ्चालित पिरामिड अनुसन्धान प्रयोगशालालाई थप व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न हाल सञ्चालनमा रहेको लज, अनुसन्धान केन्द्रमा रहेका उपकरणहरु तथा अनुसन्धान केन्द्रमा कार्यरत कर्मचारीहरुलाई भुक्तानी गर्न बाँकी पारिश्रमिक तथा अन्य खर्चको बारेमा सपष्ट भई नेपाल बिज्ञान तथा प्रविधि प्रतिष्ठानसँग समझदारी कायम गर्ने ।

**निर्णय नं. ५**

यूवा संघ नेपाल, सोलुखुम्बुले मिति २०८० फागुन २३ गतेदेखि २६ गतेसम्म सोलुखुम्बु जिल्लाको सदरमुकाम सल्लेरीमा आयोजना गरेको कोशी प्रदेशी स्तरीय भलिबल प्रतियोगितामा सहयता उपलब्ध गराउन प्रस्ताव पेश गरेकाले उक्त खेलकूद सञ्चालनका लागि यूवा संघ नेपाल, सोलुखुम्बुलाई Transportation and Financial Partner बनी प्रत्येक पार्टनरको ५० हजारका दरले रु १ लाख सहयोग उपलब्ध गराउने ।

**निर्णय नं. ६**

खुम्बु पासाङल्हामु गाउँपालिकाको प्रवेशद्धारका रुपमा रहेको खरिखोलामा दैनिक रुपमा आवागमन हुने सवारी साधन, पर्यटक तथा अन्य यात्रुहरुको चेक जाँच गर्न प्रहरी चेक पोष्ट स्थापना गर्न जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुलाई अनुरोध गर्ने ।

**निर्णय नं. ७**

"अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण  कार्यविधि,२०७६ को दफा ६ मा भएको व्यवस्था अनुसार देहाय अनुसारको समन्वय समिति गठन गर्ने ।

क) गाउँपालिका उपाध्यक्ष श्री टासी ल्हमु शेर्पा — संयोजक

| | | |
|---|---|---|
| ख) | गाउँपालिका महिला सदस्यबाट महिला सदस्य उमा बराइली | सदस्य |
| ग) | माध्यमिक विद्यालयका प्रधानाध्यापक श्री कुमार सिं राई | सदस्य |
| घ) | डा. अभिषेक खड्का | सदस्य |
| ङ) | स्थानीय प्रहरी कार्यालयको प्रमुख | सदस्य |
| च) | अपाङ्गता भएका व्यक्तिको हक, हित र संरक्षणको क्षेत्रमा स्थानीय स्तरमा कार्यरत संघ संस्था मध्येवाट गाउँपालिकाको अध्यक्षले मनोनित गरेको संस्थाको प्रतिनिधी | सदस्य |
| छ) | गाउँपालिका भित्रका अपाङ्गता भएका व्यक्ति श्री दायाङ्जी शेर्पा | सदस्य |
| ज) | गाउँपालिका भित्रका अपाङ्गता भएका व्यक्ति श्री कामी नुरु शेर्पा | सदस्य |
| झ) | गाउँपालिका भित्रका अपाङ्गता भएका व्यक्ति श्री तेण्डीनुरु शेर्पा | सदस्य |
| ञ) | अपाङ्गता विषय हेर्ने कार्यालय प्रमुख श्री अज्ञान सिग्देल | सदस्य |
| ट) | श्री अर्थी माया तामाङ | सदस्य |

**निर्णय नं. ८**

यस खुम्बु पासाङल्हामु गाउँपालिकामा रहेका हिमालहरुको आधारशिविरको फोहोरमैला व्यवस्थापनको कार्यक्रम अन्तर्गत मानव मलमुत्र व्यवस्थापन गर्ने कार्यमा सगरमाथा आधार शिविर व्यवस्थापनका क्रममा चाहिने आवश्यक लजिस्टिक व्यवस्थापनका लागि आफ्नै स्रोत सामग्रीबाट व्यवस्थापन गर्न जटिल हुने देखिएकाले सो क्षेत्रमा कार्यरत तीनवटा संस्थाहरुबाट प्रस्ताव माग गरिएकोमा बिगत २० वर्षदेखि सगरमाथाको आधारशिविरमा रहेका शिविरहरुको व्यवस्थापनका लागि स्रोत सामग्री जुटाउने कार्य गर्दै आएको पिक प्रमोशन प्रा. लि. बाट सो कार्यका लागि कार्यालय व्यवस्थापन र कर्मचारीको खानपानका निम्ति स्रोत सामग्री व्यवस्थापन जस्तैः टेण्ट (कार्यालय, आवास, नुहाउने, भान्सा) को कार्य एक मुस्ट रू. १२,५०,०००/- (बाह्र लाख पचास हजार) को प्रस्ताव पेश गरेको हुनाले आपसी सहमतिका आधारमा मू.अ. कर सहित रू. ९,००,०००/- (नौ लाख) मात्रमा व्यवस्थाकीय कार्य गर्न पिक प्रमोशन प्रा. लि. लाई कार्यादेश दिने ।

**निर्णय नं. ९**

यस गाउँपालिकामा दरबन्दी कायम रही कामकाजमा खटिएका देहायका कर्मचारीहरुले सरुवा सहमति माग गरेकाले कोशी प्रदेशको स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा बनेको ऐन, २०८० को दफा २४ को उपदफा (४) मा भएको व्यवस्था अनुसार सरुवा सहमति प्रदान गर्ने ।

| क्र.सं. | कर्मचारीको नाम, थर | पद | संकेत नं. | सरुवा भएर जान चाहेको कार्यालय |
|---|---|---|---|---|
| १ | सिर्जना शर्मा | प्रा.स. (शिक्षा) | २४०५६७ | त्रियुगा नगरपालिका, उदयपुर |
| २ | सरोज सार्की | असिष्टेण्ट सव इञ्जिनियर | २४०४५४ | चिसंखुगढी गाउँपालिका, ओखलढुङ्गा |

**निर्णय नं. १०**

यस गाउँपालिकाको वडा नं. ५ थामेमा रहेका नयाँ पिकहरु यसा रि पिक र सुम्ना पिकको नाम स्वीकृत गरी आरोहण अनुमति प्रदान गर्न पर्यटन, वन तथा वातावरण मन्त्रालय विराटनगरमा अनुरोध गर्ने ।